# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. २६२०

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## कोठा भाडा सम्बन्धि शिलबन्दी दर रेट पत्र आव्हानको सूचना
### प्रथम पटक प्रकाशित मिति: २०८०/०७/२३

यस धनगढी उप-महानगरपालिका, नगर कार्यपालिका परिसरको पश्चिम पट्टिको सपिंग कम्प्लेक्सको तल्लो तलाको सटर न. १,२ र ३ शिलबन्दी दररेट पत्रको मध्यमबाट वढावढ प्रक्रिया द्वारा भाडामा दिने निर्णय भएको हुदा इच्छुक व्यक्ति (नेपाली नागरिक) संघ संस्थाहरुबाट देहायको शर्त भित्रको अधिनमा रही १५ दिन भित्र शिलबन्दी दरखास्त दिने गरी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. दरभाउ पत्र फाराम दस्तुर रु. १,००० (एक हजार मात्र) तिरि फाराम किन्न सकिनेछ र सो रकम फिर्ता हुने छैन।

२. सटर /कोठाहरुको बढाबढ हुने मासिक भाडा दर निम्म अनुसार रहेको छ।

| सिन. | कोठा न. | मासिक भाडा दर | सम्झौता गरिने समयावधि | कैफियत |
|---|---|---|---|---|
| १ | १ | रु. १८,९५०/- | २० बर्ष | प्रत्येक बर्ष बढ्ने रकममै १०%ले बढ्ने गरि |
| २ | २ | रु. २०,५७०/- | २० वर्ष | प्रत्येक बर्ष बढ्ने रकममै १०%ले बढ्ने गरि |
| ३ | ३ | रु.२१७८०/- | २० वर्ष | प्रत्येक बर्ष बढ्ने रकममै १०%ले बढ्ने गरि |

३. दररेट पत्र फाराम यस उप-महानगरपालिकाको राजस्व शाखा बाट प्रथम पटक सूचना प्रकासित मितिबाट १५ दिन भित्र कार्यालय समयमा खरिद गर्ने सकिने छ।

४. दररेट पत्र मिति २०८०/०८/०७ गते कार्यालय समय भित्र खरिद गरि सक्नु पर्ने छ।

५. दररेट पत्र दर्ता गर्नु पर्ने अन्तिम मति २०८०/०८/०८ गते दिनको १२ बजे रहनेछ र सो दररेट पत्र सोहि दिनको दिउसो २.०० बजे खोलिने भएको हुदा दररेट पत्र दाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्ने छ। साथै उपस्थित नभएमा पनि दररेटपत्र खोल्न बाधा पर्ने छैन उक्त दिन सार्बजनिक बिदा भएमा कार्यालय खुलेको लगत्तै सो सम्बन्धि काम हुनेछ।

६. कुनै पनि व्यक्ति वा संस्थाको दररेटपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

७. ध.उ.म.न.पा. कार्यालयको रा. बा. बैंक धनगढीमा रहेको धरौटी खाता न.४१७०१००३०३००००२ मा आफुले कवोल गरेको रकमको दुई वर्षको हुन आउने जम्मा रकमको ५ प्रतिशत रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दररेट भित्र पेश गरेको हुनु पर्नेछ।

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. : 2620

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

८. दरभाउपत्र साथ घरभाडा लिन इच्छुक व्यक्तिको हकमा नेपाली नागरिताको प्रतिलिपि /संघ संस्थाको हकमा दर्ता प्रमाणपत्र, नाबिकरण पत्र, कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
९. बहालमा लिने व्यक्ति वा संस्थाले कोठा भाडाको सम्झौता गर्दा आफुले कबोल गरेको रकमको १२ महिना बराबरको हुन आउने नगद रकम धरौटी बफत राख्नु पर्नेछ।
१०. कोठा भाडाको सम्झौता अबधि २० (विस)) बर्षका लागि गरिनेछ । प्रत्येक बर्ष १० प्रतिशतले भाडा वृद्धी हुदै जानेछ । भाडा रकम वृद्धी हुदा प्रति वर्ष वृद्धी हुने रकमलाई भाडा वृद्धीको आधार मानि वृद्धी हुने छ ।
११. हाल कायम रहेको कोठाको संरचना निर्माण तथा मर्मत सम्भार सम्बन्धित भाडामा बस्ने फर्म/व्यक्तिले नै गर्नु पर्नेछ। बिधुत, पानी, सरसफाई लगायत अन्य कर शुल्कहरु भाडामा लिने पक्षले नै तिर्नु पर्ने छ ।
१२. अन्य कुनै थप जानकारी लिन चाहेमा यस कार्यालयको राजस्य शाखाबाट कार्यालय समय भित्र बुझ्न सकिनेछ ।
१३. कोठा भाडा लिन चाहने इच्छुक व्यक्ति/फर्म/संघ संस्थाले कारोबार संचालन गर्दा होटेल, रेस्टुरेन्ट बार, डान्स वार, माछा माशु, आन्डा जन्य, स्वास्थ्य संस्था, ट्युसन र कोचिंग सेन्टर र ध्वनी उत्पन्न हुने कुनै पनि व्यवसाय संचालन गर्ने पाउने छैन ।
१४. यस सूचनामा उल्लेख नभएका कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
१५. यो सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाइट www.dhangadhimun gov.np बाट समेत हेर्न सकिनेछ ।

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)